# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केवर धनुषा (जिल्ला)
प्रदेश नं. २, नेपाल

पत्र संख्या :-०७५/७६
चलानी नं.:-

मिति:-२०७५/१२/०४

सूचना !     सूचना !!     सूचना !!!

प्रस्तुत् विषयमा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ अनुसार प्रत्येक स्थानीय निकायमा रोजगार सेवा केन्द्र स्थापित गरी प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन हुने भएकोले यस मिथिला नगरपालिकामा रहेका सम्पूर्ण वडा कार्यालयबाट २०७५ साल चैत्र मसान्त सम्म बेरोजगार व्यक्तिहरुको आवेदन फाराम संकलन गर्न सबैमा सूचित गरिन्छ ।

.............................
नि. प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# प्रधानमन्त्री रोजगार कार्यक्रमको

## न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७६।७७ मा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०७५ चैत्र महिनामा आफूले स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को अनुसूची १ बमोजिम हुनु पर्नेछ । निवेदनको ढाँचा र यस सम्बन्धी विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिने छ ।

(निवेदनको ढाँचा अर्को पेजमा पनि उपलब्ध छ ।)